नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)
(..............................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- २०८१/०८२(अनुमतिपत्र)
चलनी नं.:- 9586

मिति: २०८२/१/३१

विषय :- जानकारी पठाइदिने सम्बन्धमा ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं ।

प्रस्तुत विषयमा विद्युत आयोजनाका अनुमतिपत्र प्राप्त प्रबर्द्धक कम्पनीको नाम, ठेगाना, शेयर धनी वा शेयर संरचनामा परिवर्तन सम्बन्धमा विभागबाट मिति २०८२/१/३१ मा जारी गरिएको सूचनाको प्रति यसै साथ संलग्न छ ।

प्रचलित विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिकाको व्यवस्था बमोजिम कम्पनीको नाम, ठेगाना, शेयर धनी वा शेयर संरचनामा परिवर्तन भएमा परिवर्तित कागजात सहितको जानकारी ३० दिन भित्र विभागमा बुझाउनुपर्ने अन्यथा विद्युत ऐन, २०४९ को व्यवस्था अनुसार कारवाही हुने जस्ता शर्त व्यवस्था सहितको अनुमतिपत्र जारी गरिँदै आएको छ । विद्युत ऐन, २०४९ को दफा ३८ मा कसैले अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरेमा ५ लाख रुपैयाँसम्म जरिवाना गर्न र काम बन्द गराउन सकिने व्यवस्था रहेको छ ।

विद्युत आयोजनाको अनुमतिपत्र प्राप्त गरेका प्रबर्द्धक कम्पनीहरुको नाम, ठेगाना, शेयर धनी वा शेयर संरचनामा परिवर्तन सम्बन्धमा तहाँबाट हुने गरेका संशोधन सम्बन्धी कार्यको जानकारी यस विभागमा तोकिएको समयभित्र प्राप्त नहुँदा कतिपय प्रबर्द्धकहरु विद्युत ऐन, २०४९ को दफा ३८ को व्यवस्था बमोजिम दण्डित हुनु परिरहेको हुँदा तहाँबाट सम्पादन हुने कार्यको जानकारी यथाशक्य छिटो माध्यमबाट तथा विभागको इमेल ठेगाना (info@doed.gov.np) मा समेत पठाइदिने व्यवस्था सहित प्रबर्द्धक कम्पनीलाई समेत सो व्यहोराको जानकारी गराइदिने व्यवस्थाको लागि विभागको मिति २०८२/१/३१ को निर्णयानुसार अनुरोध छ ।

संलग्न :
विभागबाट मिति २०८२/१/३१ मा जारी गरिएको सूचनाको प्रति : ........... .......... ...... पाना संख्या : १ ।

(दुर्गा नारायण भुसाल)
इन्जिनियर

बोधार्थ :
श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग

## विद्युत आयोजनाका अनुमतिपत्र प्राप्त प्रवर्द्धक कम्पनीको नाम, ठेगाना, शेयर धनी वा शेयर संरचनामा परिवर्तन सम्बन्धमा जारी गरिएको सूचना

प्रकाशित मिति : २०८२/१/३१

श्री विद्युत आयोजनाका प्रवर्द्धकज्युहरु,

विद्युत नियमावली, २०५० को नियम ९४(क) को व्यवस्था बमोजिम जारी विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा २४ मा "विद्युत उत्पादन वा प्रशारण वा वितरण वा सर्वेक्षणको अनुमतिपत्र प्राप्त प्रवर्द्धक कम्पनी/संस्थाको नाम, शेयर धनी वा शेयर संरचनामा परिवर्तन भएको ३० दिनभित्र परिवर्तित कागजात सहित सोको जानकारी विभागमा दिनु पर्नेछ ।" भन्ने व्यवस्था रहेको विदितै होला ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र विद्युत विकास विभागबाट जारी गरिने विद्युत आयोजनाको अनुमतिपत्रमा निर्देशिकाको उल्लिखित व्यवस्था अनुरुपको शर्त रहने गरेको छ ।

अतः विद्युत आयोजनाका प्रवर्द्धकहरुले प्रवर्द्धक कम्पनी/संस्थाको नाम, ठेगाना, शेयर धनी वा शेयर संरचनामा परिवर्तन गर्नु परेमा प्रचलित कानूनी व्यवस्था बमोजिम सम्बन्धित निकायहरुबाट आवश्यक पूर्व सहमति/स्वीकृति लिई उल्लिखित शर्त व्यवस्था बमोजिम परिवर्तन भएको मितिले ३० दिनभित्रै परिवर्तन भएका कागजात विवरण सहित सोको जानकारी लिखित रुपमा विद्युत विकास विभागमा गराउनुपर्ने, सो नभएमा विद्युत ऐन, २०४९ बमोजिम कारवाही हुने भएकोले परिवर्तन/ संशोधन भएको जानकारी तोकिएको समय भित्रै विभागलाई गराउनुहुन सम्बन्धित सबैलाई यसै सूचना मार्फत सूचित गराइन्छ ।